नेपाली राजदूतावास, बेइजिङ
尼泊尔驻华大使馆，北京
EMBASSY OF NEPAL, BEIJING

EMBASSY OF NEPAL
Beijing

भेटघाट कार्यक्रमसम्बन्धी सूचना

सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले यही १९ देखि २४ जुन २०१८ सम्म गर्नुहुने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणको अवसरमा नेपाली राजदूतावास, बेइजिङ्गले सम्माननीय प्रधानमन्त्रीज्यूसँग नेपाली समुदायको भेटघाट कार्यक्रमको आयोजना गर्ने भएकोले कार्यक्रममा सहभागी हुन इच्छुक नेपाली नागरिकहरुलाई **जुन १७, २०१८** भित्र नाम दर्ता गर्न अनुरोध गरिन्छ

कार्यक्रमको मिति, समय र स्थान:

मिति: २० जुन २०१८

समय: बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म

स्थान: नेपाली राजदूतावास, बेइजिङ्ग

पुनश्च: बिहान ७:४५ अगावै राजदूतावासमा प्रवेश गरिसक्नुपर्ने छ ।

Nepal-China Friendship Run सम्बन्धी सूचना

नेपाली राजदूतावास, बेइजिङ्गले चीनको General Administration of Sports को सहयोगमा यही २१ जुन २०१८ मा Nepal-China Friendship Run (3 km) आयोजना गर्न गइरहेकोले सो कार्यक्रममा सहभागी हुन इच्छुक नेपालीहरुलाई नाम दर्ता गर्न हार्दिक अनुरोध गरिन्छ ।

नाम दर्ता गर्ने अन्तिम मिति: आइतवार, १७ जुन २०१८ दिनको १२:०० बजे सम्म (पहिला दर्ता हुनेलाई पहिलो प्राथमिकताको आधारमा १०० जना मात्र सहभागी हुन सक्ने भएकोले सो संख्या पुगेपश्चात् दर्ता बन्द गरिने छ)

कार्यक्रमको मिति, समय र स्थान:

मिति: २१ जुन २०१८

समय: बिहान ७:०० बजे

स्थान: Beijing Sports University, No. 48 Xin Xi Road, Hai Dian District, Beijing

पुनश्च: १. राजदूतावासले दौडका सहभागीहरुलाई कार्यक्रम अंकित भेस्ट उपलब्ध गराउने छ।

२. दौडमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने सहभागीलाई नगद पुरस्कार प्रदान गरिने छ ।

(नाम दर्ताको लागि QR Code स्क्यान गर्नुहोला)